"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड ६ संख्याः १३

गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः२०८०/०८/२४

## भाग २

आठराई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम

कोशी प्रदेश, नेपाल।

# आठराई गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**कार्यपालिकाद्वारा पारित मितिः २०८०/०८/२४**

आठराई गाउँपालिकाको समग्र आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा कृषि क्षेत्र रहेको छ। उर्वर कृषि भूमीको रुपमा रहेको आठराई पालिकाको कृषि व्यवसायलाई आधुनिक, व्यवसायिक, प्रतिष्पर्धि बनाउँदै उत्पादन लागत घटाउन यान्त्रिकरण, बैज्ञानिकीकरण र वातावरणमैत्री बनाउँदै बजारिकरणमा जोड दिनु जरूरी छ। आठराई गाउँपालिकाबाट सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरूलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को व्यवस्था अनुरूप "आठराई गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"

आठराई गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "आठराई गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि आठराई गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ।

(३) यो कार्यविधि आठराई गाउँ कार्यपालिकाद्वारा स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :**

क. "अध्यक्ष" भन्नाले आठराई गाउँपालिकाको अध्यक्ष लाई जनाउने छ।

ख. "उपाध्यक्ष" भन्नाले आठराई गाउँपालिकाको उपाध्यक्ष लाई जनाउने छ।

ग. "कार्यपालिका" भन्नाले आठराई गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

ङ, "फर्म, कम्पनी, समूह, सहकारी" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई कृषि क्षेत्रलाई मुख्य लक्ष्य बनाई संञ्चालनमा रहेका निजि फर्म, सामुहिक फर्म, कम्पनी, समूह वा सहकारी सम्झनु पर्छ।

च. "मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा ४.३ अनुसार गठित समितिलाई जनाउने छ।

छ. "शाखा" भन्नाले आठराई गाउँपालिकाको पशु सेवा शाखालाई जनाउने छ।

ज. “शाखा प्रमुख” भन्नाले आठराई गाउँपालिका पशु सेवा शाखाको प्रमुखलाई जनाउने ।

झ. "साझेदार संस्था" भन्नाले छनौट भई कार्यालयसंग द्धिपक्षीय सम्झौत गर्ने पशुपन्छी तथा मत्स्यपालनमा आबद्ध कृषक समुह सहकारी निजि उधमीलाई सम्झनुपर्दछ ।

## परिच्छेद – २

## उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः** कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ: (१) आठराई गाउँपालिकाबाट सञ्चालन हुने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वय प्रकृयालाई छिटो, छरितो, सरल, सहज, गुणस्तरीय र व्यबस्थित बनाउने ।

(२)अनुदान वितरण तथा लाभग्राहीहरुको छनौट प्रकृयालाई प्रभावकारी, पारदर्शी, निष्पक्ष बनाउने ।

(३) कृषि व्यवसायलाई यान्त्रिकीकरण, बैज्ञानिकीकरण, व्यवसायिकरण र बजारिकरणमा जोड दिंदै दिगो, मर्यादित, प्रतिष्पर्धी एवं उत्पादनमूलक बनाउने ।

(४) पशुपन्छी तथा मत्स्य क्षेत्रका बिभिन्न रोग पहिचान तथा निदान गरी स्वस्थ पशु जन्य उत्पादन गराउने।

## परिच्छेदः ३

## कार्य सञ्चालन प्रकृया

**४. कार्य सञ्चालन प्रकृयाः** (१) निवेदन / प्रस्ताव पेश गर्नुपर्नेः कार्यालयले अनुदान कार्यक्रममा सहभागीहुन इच्छुक आबेदक सस्थाहरुलाई लक्षीत गरी कम्तिमा १५ दिनको म्याद राखी अनुसूची – १ बमोनिमको सुचना प्रकाशन गर्नुपर्नेछ। प्रस्तावक / निवेदकले कार्यक्रममा समावेस हुन निवेदन/ प्रस्तावको साथ आवश्यक कागजात संलग्न गरी निबेदन पेश गर्नुपर्नेछ । माग अनुसार प्रस्ताव दर्ताहुन नआएमा कार्यालयले पुनः ७ दिनको म्याद राखी एक पटकको लागी प्रस्ताव आबह्वानको सूचना प्रकाशन गर्न सक्नेछ। आबेदन पेश गर्दा अनुसूची – २ अनुसारका कागजात पेश गर्नुपर्नेछ। साथै कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गरिएको सूचनामा उल्लेखित शर्तहरु पनि लागु हुने छन ।

(२) प्रस्ताव दर्ताः कार्यक्रममा सहभागीहुन अनुसूची – ३ बमोजिमको योग्गता र अनुसूची – ४ बमोजिमको न्यूनतम मापदण्ड पुरा गरेको साझेदार सस्थाले दफा ४ मा उल्लेखित समयाबधी भित्र अनुसूची – ५ बमोजिमको आबेदन, अनुसूची – ६ बमोजिमको कार्ययोजना र आबश्यक कागजात सहित आवेदन दर्ता गर्नुपर्नेछ ।

(३) प्रस्ताव मुल्याङ्कन तथा स्थलगत प्रमाणिकरणः (१) तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्ताबहरुको मूल्यांकन तथा अनुगमन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायबमोजिमको प्रस्ताव मूल्यांकन, अनुगमन तथा छनोट समिति रहनेछ:

(क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(ग) कृषि शाखा प्रमुख – सदस्य

(घ) पशुसेवा शाखा प्रमुख – सदस्य

(ङ) सम्बन्धित कार्यक्रम हेर्ने पशुपन्छी तथा मत्स्य शाखाको कर्मचारी – सदस्य सचिव

(२) प्रस्ताव मूल्यांकन, अनुगमन तथा छनोट समितिको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदन साथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह, सहकारी तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह, सहकारी तथा फर्म छनोट गर्ने ।

(ङ) समितिले आवश्यकता अनुसार बढीमा दुई जना सम्म बिषय विज्ञ, कर्मचारी वा जनप्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा ३(१) बमोजिमको प्रस्ताव मूल्यांकन, अनुगमन तथा छनोट समितिले अनुसूची – ७ अनुसारको फिल्ड भेरीफीकेसन चेक लिष्ट बाट प्राप्त विवरण र अनुसूची – ८ बमोजिकको मुल्याङ्कनका आधारमा लाभग्राही छनौट गर्नेछ।

(४) प्रस्तावको छनौट जानकारी र सम्झौताः (क) प्रस्ताव मूल्यांकन, अनुगमन तथा छनोट समितिको सिफारीसका आधारमा कार्यालयले १५ दिनको समयावधी राखी छनौट सूचि प्रकाशन गरी सम्झौताका लागी सूचना प्रकाशन गर्नेछ ।

ख. प्रस्ताब छनौटबारे संबन्धति सस्थाले सात दिन भित्र निबेदन वा उजुरी गर्नसक्नेछन् ।

ग. स्विकृत प्रस्तावका आबेदक संग अनुसूची–९ बमोजिमको द्धिपक्षीय सम्झौता गरी तोकिएको कार्यक्रम कार्यान्वयन गरीनेछ।

घ. तोकिएको समय भित्र द्धिपक्षीय सम्झौता नसकेमा योग्यताक्रम अनुसारका छनौटहुने आवेदक संग सम्झैता गरी कार्यक्रम कार्यान्वयन गरीनेछ।

ङ. कार्यक्रम संचालन हुने स्थानमा अनुसूची–११ अनुसारको सूचना पाटी राख्नुपर्नेछ।

**५. शाखाका आन्तरीक कार्यक्रम**

**५.१ हर्ड हेल्थ कार्यक्रम कार्यक्रमः**(१) आठराई गाउँपालिकामा ब्याबसायिक पशुपालन गर्ने (गाइ, भैंसी, बाख्रा, बंगुर, पन्छी तथा माछा पालन गरिरहेका) फार्ममा स्वास्थ्य ब्यबस्थापनको प्रदशनी गर्ने गरी कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रम तपशलि बमोजिमका क्रियाकलाप निशुल्क संचालन गरीनेछ। कार्यक्रम संचालनको लागि निम्न कागजात आवश्यक पर्नेछ।

**तपसिल**

१. कार्यक्रम संचालन रुपरेखा

| क्र.सं. | विवरण | न्यूनतम मापदण्ड | गरिने क्रियाकलाप |
|---|---|---|---|
| १. | गाइ भैंसी पालन फर्म | ३ वयस्क पशु | • स्वास्थ्य रेकड पुस्तिका<br>• गोठ, आहार ब्यबस्थापन तथा पशु स्वास्थ्य ब्यबस्थापन पात्रो<br>• आन्तरीक तथा बाह्य परजिवि बिरुद्धको औषधी वर्षको २ पटक<br>• खोरेत भ्यागुते र चरचरे रोग बिरुद्धको खोप<br>• थुनेलो रोकथाम औषधी<br>• औषधी सहित विशेषज्ञ सेवा<br>• प्राथमिक उपचार सामाग्री |
| २. | बाख्रा पालन फर्म | १० वटा माउ बाख्रा | • स्वास्थ्य रेकड पुस्तिका<br>• खोर, आहार ब्यबस्थापन तथा पशु स्वास्थ्य ब्यबस्थापन पात्रो<br>• आन्तरीक तथा बाह्य परजिवि बिरुद्धको औषधि बर्षको २ पटक<br>• पिपिआर रोग बिरुद्धको खोप<br>• औषधि सहित बिशेषज्ञ सेवा<br>• प्राथमिक उपचार सामाग्री |

| क्र.सं. | विवरण | न्यूनतम मापदण्ड | गरिने क्रियाकलाप |
|---|---|---|---|
| ३. | बंगुर पालन फर्म | ३ वटा माउ बंगुर वा ७ बयस्क बंगुर | • स्वास्थ्य रेकड पुस्तिका<br>• खोर, आहार ब्यबस्थापन तथा पशु स्वास्थ्य ब्यबस्थापन पात्रो<br>• आन्तरीक तथा बाह्य परजिवि बिरुद्धको औषधि बर्षको २ पटक<br>• स्वाइन फिबर रोग बिरुद्धको खोप<br>• औषधि सहित बिशेषज्ञ सेवा<br>• प्राथमिक उपचार सामाग्री |
| ४. | पन्छी पालन फर्म | हाँस तथा लोकल कुखुरा ५० गोटा | • स्वास्थ्य रेकड पुस्तिका<br>• खोर, आहार ब्यबस्थापन तथा पशु स्वास्थ्य ब्यबस्थापन पात्रो<br>• आन्तरीक तथा बाह्य परजिवि बिरुद्धको औषधि बर्षको २ पटक<br>• विभिन्न रोग बिरुद्धको खोप<br>• औषधि सहित बिशेषज्ञ सेवा<br>• प्राथमिक उपचार सामाग्री |
| ५. | माछा पालन फर्म | कम्तिमा १ पोखरी | • स्वास्थ्य रेकड पुस्तिका<br>• पानी, आहार ब्यबस्थापन तथा स्वास्थ्य व्यवस्थापन पात्रो<br>• आन्तरीक तथा बाह्य परजिवि बिरुद्धको औषधि बर्षको २ पटक<br>• औषधि सहित बिशेषज्ञ सेवा<br>• प्राथमिक उपचार सामाग्री |

**५.२ अगुवा कृषक प्रोत्साहन कार्यक्रमः** आठराई गाउँपालिकामा पशुपन्छी तथा मत्स्य क्षेत्र व्यावसायीक रुपमा पालन, प्रविधिमैत्री पालन, अर्गानिक खेती, नविनतम वालीको खेती आदी क्षेत्रमा रहेर नमुना तथा अनुकरणीय ढंगले खेती गर्दै आइरहेका अगुवा तथा क्रियाशिल कृषकहरुलाई प्रोत्सहान गर्न अगुवा कृषक प्रोत्सहान कार्यक्रम कार्यक्रम संचालन गरिनेछ ।

**५.३ बिपन्न परीवार आय आर्जन कार्यक्रमः** आठराई गाउँपालिका भित्रका आर्थिक स्थिती कमजोर भएका गरिव तथा बिपन्न परिवारको जिविकोपार्जनमा सहयोग गर्ने उद्देश्यका साथ बंगुर, बाख्रा, ड्युल परपोज कुखुराका माउ तथा बच्चा सहयोग गर्ने गरी कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रम निशुल्क रुपमा

संचालन गरीनेछ । बिपन्नताको पहिचान बस्तुगत मुल्यांकनको आधारमा वा कार्यपालिकाको निर्णयानुसार गर्न सकिनेछ। पिछडीएको क्षेत्र, जाति, बर्ग र समुदायलाई पहिलो प्राथमिकता राखिनेछ।

**५.४ रोग नियन्त्रण तथा खोप कार्यक्रमः** आठराई गाउँपालिका भित्ररहेका पशुधनमा आकस्मिक रुपमा देखा परेका रोग, सङ्क्रमण तथा महामारीलाई तत्काल नियन्त्रण गरी क्षती न्युनिकरण गर्न आवश्यकता अनुसार आकस्मिक पशुधन संरक्षण तथा उपचार कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस अन्तर्गत रोग, किरा  तथा महामारीको प्रभावलाई नियन्त्रण गरी क्षती न्युनिकरण गर्न विज्ञ सहितको घुम्ती शिवीर तथा तालिम, आवश्यक औषधोपचार वितरण, खोप तथा जैबिक सुरक्षाका सामाग्री बितरण, रोग नियन्त्रण औजार तथा उपकरण सामग्रीहरुको वितरण, सचेतनाका लागि प्रसार सामग्री उत्पादन तथा वितरण, फिल्ड डेमोस्ट्रेसन जस्ता कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ। शाखाले सामग्री खरिद गरी निशुल्क वितरण गर्न सक्नेछ।

## परिच्छेदः ४

## आर्थिक प्रशासन

**६. आर्थिक प्रशासनः** (१). कार्यक्रमको लेखाङ्कन, कारोबार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ।

**(२) भुक्तानी प्रकृयाः** (१) अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइनेछैन।

(२) वार्षिक स्विकृत कार्यक्रमको परीधीमा रही कार्यसंचालनका लागी बढीमा **५० प्रतिशत** अनुदान रकम कार्यसम्पन्न भएपछी मात्र उपलब्ध गराइनेछ। पशु खरीद हुने कार्यक्रमको हकमा कायक्रमका सम्झौताको बखत बिमा गरीएका पशु र कार्यक्रम सम्पन्नता पश्चातको  पशु बिमा गरीएका पशुलाइ आधार मानीने छ।

(३) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न्न गरीसकेपछी प्राबिधिकले तयार गरेको कार्यसम्पन प्रतिबेदन भौतिक संरचनाको हकमा बिल भर्पाइ सम्बन्धित बडा कार्यालयको सिफारीस र अन्य आवश्यक कागजात सहित भुक्तानीकालागी निबेदन पेश गरे पश्चात स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा अनुदान रकमको ३ प्रतिशत कन्टीन्जेन्सी र नियमानुसारको कर कट्टी गरी हुन आउने रकम साझेदारको बैक खातामा भुक्तानी गर्नेछ।

(४) प्रस्तावकले प्रस्तावनाका साथ पेश गरेको विवरण शाखाबाट स्थलगत अनुगमन गर्दा गलत पाइएमा स्थलगत अनुगमन गर्दाको विवरणलाई तथ्य मानी मूल्याङ्कन गरिने छ । जानीजानी झूठो विवरण दिई मूल्याङ्कन प्रकृयालाई प्रभावित गर्न खोजेको पाइएमा त्यस्ता कृषकलाई गाउँपालिकाले कालो सूचिमा राख्नसक्नेछ।

गाउँपालिकाबाट एक पटक कालो सूचिमा परेको कृषक/ संस्था कम्तिमा तीन वर्षको सम्मको लागि अनुदान कार्यक्रममा सहभागी हुन पाउने छैनन् । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेमा गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित असुल उपर गरीनेछ ।

## परिच्छेदः ५

## थपघट वा हेरफेर गर्न सक्ने

**७. बाधा अवरोध र अस्पष्टता सम्बन्धमाः-** (१) यो कार्यविधि निरन्तर रूपमा कार्यान्वयन हुनेछ र कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार धपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ । यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध र अस्पष्टता फुकाउने प्रयोजनका लागि गाँउपालिकाले आवश्यकता अनुसार गर्न सक्ने छ ।

(२) यस अघि गाउँपालिकाबाट संचालित कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ।

## परिच्छेद – ६

## विविध

**८. स्पष्टिकरणः** साना, मझौला र ठुला व्यवसायिक फार्मको वर्गिकरण तपसिल अनुसार हुनेछः (१) गाइभैंसी: साना, मझौला र ठूला भन्नाले क्रमशः कम्तिमा २-३, ४–६ र ७ वा सो भन्दा बढी बिमा गरिएका संख्यामा माउ भएका कृषक । मासुको लागी पाडापालन पालन गर्नेको हकमा साना, मझौला र ठूला भन्नाले क्रमशः ७-१०, ११-१५ र १६ वा सो भन्दा बढी बीमा गरिएका संख्यामा पशु भएका कृषक ।

(२) भेडाबाख्रा: साना, मझौला र ठूला भन्नाले क्रमशः ५–१५, १६–२५ र २६ वा सो भन्दा बढी बीमा गरिएका संख्यामा माउ भएका कृषक ।

(३) बंगुर: साना, मझौला र ठूला भन्नाले क्रमशः ४–८, ९–१२ र १३ वा सो भन्दा बढी विमा गरिएका संख्यामा माउ भएका कृषक । मासुको लागी बंगुरपालन गर्ने कृषकको हकमा साना, मझौला र ठूला भन्नाले क्रमशः ५–१०, ११–१७ र १८ वा सो भन्दा बढी बिमा गरिएका संख्यामा पशु भएका कृषक ।

(४) हासं तथा लोकल कुखुरा स-साना, मझौला र ठूला भन्नाले क्रमशः ५०-८०, ८१–१०० र १०१ माथी संख्यामा पालेका कृषक ।

(५) माछा साना, मझौला र ठूला भन्नाले क्रमशः १- २- ३ वा सो भन्दा बढी जलासयमा माछापालन गरिरहेका कृषक ।

अनुसूची–१

(दफा ४ संग सम्बन्धित)

**प्रस्ताव आवह्वान सूचनाको ढांचा**

प्रथम पटक प्रकाशित मिति ........................

आठराई गाउँपालिका आ.व. ...................... को स्विकृत वार्षिक कार्यक्रम अनुसार .................................... कार्यक्रम संचालनका लागी आठराई गाउँपालिका भित्रका इच्छुक पशुपालक, कृषक समुह, सहकारी संस्था, निजी उधमीले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र आठराई गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अनुसूची–२ अनुसारका कागजातहरु, अनुसूची–५ अनुसारको आबेदन पत्र र अनुसूची–६ बमोजिमको कार्ययोजना संलग्न राखी आठराई गाउँपालिका पशु सेवा शाखामा आबेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रकृयामा समावेश गरीने छैन ।



आठराई राजपत्र

**अनुसूची – २**

(दफा ४ संग सम्बन्धित)

आबेदन पत्र साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. सम्बन्धित ब्यक्तीको नेपाली नागरीकताको प्रतिलिपी तथा अख्तियारी पत्र
२. संस्था दर्ता/ नविकरण प्रमाण पत्रको प्रतिलिपी र संस्थाको आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाणपत्रको प्रतिलिपी (पान नम्बर)
३. गत आ.ब को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपी
४. चालु आ.व. को एकीकृत सम्पत्ती कर तिरेको रसिदको प्रतिलिपी
५. संस्थागत निर्णयको प्रतिलिपी (समुह, सहकारीको हकमा)
६. जग्गा स्वामित्व देखिने प्रमाणको फोटोकपी/ लिजमा लिएको जमिन भए ५ बर्षको करारनामा प्रतिलिपी
७. वडा कार्यालयको सिफारीस
८. समुह, सहकारीले अनुदान माग गर्दा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र वा संस्थामै रहने भए सो उल्लेख गरेको निर्णय प्रतिलिपी
९. आबेदकले बिगतका बर्षमा सोहि प्रकृतीको कार्यक्रममा दुई लाख भन्दा बढी अनुदान नलिएको वा दुइ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व–घोषणा पत्र (अनुसूची–१०)
१०. कुनै बित्तीय निकाय वा सरकारीको कालो सूचिमा नपरेको स्व–घोषणा पत्र (अनुसूची–१०)
११. वाताबरणीय तथा सामाजिक सुरक्षा सम्बन्धित स्व–घोषणा पत्र (अनुसूची–१०)
१२. आबेदन फाराम (अनुसूची–५)
१३. संक्षिप्त कार्यक्रम कार्ययोजना (अनुसूची–६)

**अनुसूची – ३**

(दफा ४ संग सम्बन्धित)

आबेदकको योग्यता

१. आबेदन पेश गर्ने आबेदक सस्थाले छनौट गरेको क्षेत्रको उदेश्येलाइ समेटेर सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ।
२. अनुदान कार्यक्रममा सहभागी हुने साझेदारले सूचना प्रकाशन हुनुपूर्व  सम्बन्धित व्यावसाय दर्ता गरेको हुनुपर्नेछ।
३. गाउँपालिकाबाट कम्तिमा रू २,००,०००।– माथिको कुनैपनि विधामा एक पटक अनुदान सहयोग प्राप्त गरेका अनुदानग्राहीले सोही विधामा पुनः अनुदान पाउने छैन।
४. आबेदक कुनै वित्तीय सस्था वा सरकारी निकायको कालो सूचिमा नपरेको हुनुपर्नेछ।
५. आबेदक कार्यक्रम संचालन गर्दा वाताबरणीय तथा सामाजिक सुरक्षा सम्बन्धित कुनै प्रभाव नपर्ने स्थानको हुनुपर्नेछ।

आठराई राजपत्र

## अनुसूची – ४

(दफा ४ संग सम्बन्धित)

कार्यक्रममा सहभागिताका लागी न्यूनतम मापदण्ड

| क्र.सं | अनुदानप्रवाह गरिने विषयहरु | |
|---|---|---|
| **१** | **कार्यक्रमको नामः फार्मसुधार तथा विस्तार कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | १. गाइ, भैसीस्वच्छ तथा स्वस्थ दुध उत्पादन र उत्पादकत्व वृद्दि गरी पोषण सुरक्षमा टेवापुर्याउने<br>२. बाख्रा/बंगुर/लोकल कुखुरा/हाँस/पाडाको स्वच्छ तथा स्वस्थ मासु उत्पादन र उत्पादकत्व वृद्दि गरी पोषण सुरक्षमा टेवा पुर्याउने<br>३. रोजगारीको सृजनागर्ने |
| (ख) | लगानीयोग्य क्रियाकलापहरु | १.गोठ निर्माण,  पुरानो गोठ/खोर मर्मत सुधार (फिडर, ड्रिङकर, गटर १.मर्मत/निर्माण, भुइँ ढलान, छानो मर्मत, टाडनिर्माण/मर्मत)।<br>२.जैविक सुरक्षा ( बारबन्देज, फुट बाथ, व्हिल बाथ , मलमुत्र व्यवस्थापन ) सम्बन्धित कार्य,<br>३. गाइ भैसी फार्मको हकमा मेसिनरी औजार उपकरण खरिद ट्रेभिज निर्माण  , फार्ममेशनरी औजार तथा उपकरणहरु खरिद ( ब्रस कटर, चाफ कटर ,  काउ म्याट, दुध दुहुने मेशिन, मिल्क क्यान, सिचाईं, जेट प्रेसर, औषधि ड्रेनचिङ गन, काउ लिफ्टिङ मेसिन, ढुवनी साधन आदि)<br>४.हाँस कुखुरा फर्मको हकमा मेसिनरी औजार उपकरण खरिद (मिनि ह्याचिङ्ग मेसिन, ब्रुडङ खोरमा राख्नेहाइग्रोमिटर,  थर्मोमिटर, पेलेट मेसिन, दाना पिस्नि मेसिन, सिचाईं,  ढुवनी साधन आदिआदि )<br>५. बंगुर फर्मको हकमा मेसिनरी औजार उपकरण खरिदपिग क्याचर,जेट प्रेसर, औषधि ड्रेनचिङ गन,  ब्रस कटर, दात काट्ने मेसिन, पुच्छर काट्ने मेसिन , सिचाईं,  ढुवनी साधन आदि<br>६. बाख्राफर्मको हकमा फार्ममेशनरी औजार तथा उपकरणहरु खरिद ( ब्रस कटर, चाफ कटर ,  काउ म्याट, जेट प्रेसर, औषधि ड्रेनचिङ गन, दाना पिस्नि मेसिन, सिचाईं,  ढुवनी साधन आदिआदि)र प्रजनन बोका।<br>७.घाँस खेति विस्तार<br>८.परिजिवि नियन्त्रण, खोप कार्य संचालन।<br>९.भौगोलिक क्षेत्र अनुसार सम्बन्धित कार्यलयले सिफारिस गरेकाबहुवर्षिय घाँस खेति गरी बिउ/सेट्स/स्लिप/बेर्ना खरिद |
| (ग) | अनुदान रकम | १.   विनियोजितबजेटको अधिनमा रही बढिमा ५० प्रतिशत (साना फर्महरुमा बढीमा १ लाख रुपैयासम्म, मझौला फर्महरुमा बढीमा ३ लाख रुपैयासम्म र ठुला फर्महरुमा बढीमा ५ लाख सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।) |

| | | |
|---|---|---|
| (घ) | न्यूनतम मापदण्ड | १. व्यवसायिक रुपमा गाइभैसी/पाडापाडी/बाख्रा/बंगुर/लोकल कुखुरा/हाँसपालन गरेको हुनुपर्नेछ। |
| (ङ) | आवेदक | १.   समूह/सहकारी/निजि उधमी |
| **२** | **कार्यक्रमको नामः फरेज मिसनकार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | १. घाँसमाआधारित पशुपालनलाइ प्रोत्साहन गर्ने<br>२. घाँस खेति गरी बाझो जमिनको सदुपयोग गर्ने। |
| (ख) | लगानीयोग्य क्रियाकलापहरु | १. भौगोलिकक्षेत्र अनुसार सम्बन्धित कार्यलयले सिफारिस गरेका हिउँदे,बर्षे तथा बहुबर्षियघाँसका बिउ/सेट्स/स्लिप/बेर्ना बितरण<br>२. खनजोत तथा मलखाद |
| (ग) | अनुदान रकम | १. विनियोजितबजेटको अधिनमा रही  १०० प्रतिशत अनुदान (प्रति हेक्टर बढीमा ८०,०००.०० नबढ्ने गरी) |
| (घ) | न्यूनतम मापदण्ड | १. आवेदकलेव्यावसायिक रुपमा गाइभैसी/बाख्रा/लोकल कुखुरा/हाँस/बंगुरपालन गरेकोहुनुपर्नेछ। |
| (ङ) | आवेदक | १. समूह/सहकारी/निजि उधमी |
| **३** | **कार्यक्रमको नामः मासु पसलतथा डेरी सुधार कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | १. गुणस्तरियदुध उत्पादन तथा विविधिकरण<br>२. गुणस्तरियमासु उत्पादन तथा स्वच्छ मासु उत्पादन<br>३. रोजगारीको सृजना गर्ने |
| (ख) | लगानीयोग्य क्रियाकलापहरु | १.स्वच्छर स्वस्थ दुध उत्पादन र विविधिकरणमा प्रयोग हुने यन्त्र उपकरणहरु खरिद मिल्कएनलाइजर, डि फ्रिज, क्यान,  क्रिमसेपेरेटर र अन्य दुग्ध विविधिकरणमा प्रयोग हुने उपकरणहरु<br>२.स्वच्छ र स्वस्थ मासु उत्पादन रविविधिकरणमा प्रयोग हुने यन्त्र उपकरणहरु खरिद डिफिदरीङ्ग मेसिन,डि फ्रिज र अन्यमासु पसलमा प्रयोग हुने उपकरणहरु<br>३. भौतिक संरचनानिर्माण र सुधार |
| (ग) | अनुदान रकम | १.विनियोजितबजेटको अधिनमा रही बढिमा ५० प्रतिशत<br>(साना डेरी तथा मासु पसलहरुलाइ बढीमा १ लाख सम्म र बिबिधिकरणमा लागेका पसलहरुको हकमा ३ लाख सम्म अनुदान उपलब्ध गराउन सकिनेछ) |
| (घ) | न्यूनतम मापदण्ड | १. आवेदकलेदुग्ध संकलन र विविधिकरण कार्य गरेको हुनुपर्छ।<br>२. आवेदकलेमासु/माछा पसल संचालन गरेको हुनु पर्छ। |
| (ङ) | आवेदक | १.समूह/सहकारी/निजि उधमी |

| ४ | कार्यक्रमको नामः | लक्षित बर्ग आय आर्जन  कार्यक्रम |
|---|---|---|
| (क) | विशिष्ट उद्देश्यहरु | १. बिपन्न सामुदायलाइ आयआर्जनको बाटो बिकास गर्ने र उत्पादन र उत्पादकत्व वृद्दि गरी पोषण सुरक्षमा टेवापुर्याउने<br>२. दुध उत्पादन गरी उत्पादन र उत्पादकत्व वृद्दि गरी पोषण सुरक्षमा टेवापुर्याउने<br>३. बाख्रा/बंगुर/लोकल कुखुरा/हाँस/पाडाको स्वच्छ तथा स्वस्थ मासु उत्पादन र उत्पादकत्व वृद्दि गरी पोषण सुरक्षमा टेवा पुर्याउने<br>४. रोजगारीको सृजनागर्ने |
| (ख) | लगानीयोग्य क्रियाकलापहरु | १.गाई भैसि/बाख्रा/बंगुर/लोकल कुखुरा/हाँस गोठ  निर्माण,  पुरानो गोठ/खोर मर्मत, (भुइँ ढलान, छानो मर्मत, टाडनिर्माण/मर्मत)।<br>२.सामान्य फार्म उपकरण जस्तै ( ब्रस कटर, चाफ कटर ,  मिल्क क्यान,  दाना पिस्ने मेसिन सिचाई बोरीङ्ग ) ।<br>३. उत्पादक पशु खरीद जस्तै ( पाडी, बंगुर पाठा , बाख्रा ,  लोकल कुखुरा तथा हास चल्ला,) ।<br>४.भौगोलिक क्षेत्र अनुसार सम्बन्धित कार्यलयले सिफारिस गरेकाबहुवर्षिय घाँस खेति गरी बिउ/सेट्स/स्लिप/बेर्ना खरिद।<br>५. परिजिवि नियन्त्रण, खोप कार्य संचालन।<br>६. आधारभुत तालिम ३ दिन । |
| (ग) | अनुदान रकम | १. विनियोजितबजेटको अधिनमा रही बढिमा ८० प्रतिशत (बढीमा प्रति फर्म ५० हजार उपलब्ध गराउन सकिनेछ।) |
| (घ) | न्यूनतममापदण्ड | १. व्यवसायिक रुपमा गाइभैसी/पाडापाडी/बाख्रा/बंगुर/लोकल कुखुरा/हाँसपालन गरेको हुनुपर्नेछ। |
| (ङ) | आवेदक | १.लक्षित बर्गका समुह |

**अनुसूची–५**

(दफा ४ संग सम्बन्धित)

(प्रस्तावना निवेदनको ढाँचा)

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका, तेह्रथुम ।

विषयः प्रस्तावना पेश गरेको बारे ।

प्रस्तुत विषयमा त्यहाँ गाउँपालिकाबाट मिति .............................. मा प्रकाशित पशु सेवा कार्यक्रममा प्रस्तावना पेश गर्ने बारेको सूचना अनुसार तपसिलको विवरण सहित .................................................... कार्यक्रमका लागि यो प्रस्तावना पेश गरेको गरेको छु/ छौँ । मेरो/ हाम्रो प्रस्तावना स्वीकृत भएमा गाउँपालिकाको नियमानुसारको कामकाज गर्न मन्जुर छु/ छौ ।

तपसिल :

१. फार्म/ समूह/ सहकारीको नाम :

२. कृषकको नाम :

३. सम्पर्क नं. :

४. ठेगाना :

५. फार्म दर्ता गरेको मितिः

६. फार्म दर्ता गरेको निकायः

७. हाल फार्ममा रहेका पशुहरूको संख्या

| | | | | |
|---|---|---|---|---|
| गाई : | माउ | बहर | बाच्छा | बाच्छी |
| भैसी : | माउ | राँगो | पाडा | पाडी |
| बाख्रा :माउ बोका पाठा | पाठी | खसीः | | |
| बंगुर : | माउ | विर | पाठा | पाठी |
| हाँस : | कुखुरा : | | अन्य : | |

८. घाँस लगाएको क्षेत्रफलः

९. दैनिक दुध उत्पादन लिटर :

१०. दैनिक दुध बिक्री लिटर :

११. बार्षिक खसी बोका बिक्रि संख्या :



आठराई राजपत्र

१२. वार्षिक प्रजनन तथा पाल्नको लागि बिक्री बोका र पाठा/ पाठी संख्या :

१३. बार्षिक मासुको लागि बंगुर बिक्री संख्या :

१४. बार्षिक बंगुरका पाठापाठी बिक्रि संख्या :

१५. पशु बिमा गरेको संख्या :

१६. कृत्रिम गर्भाधान संख्या :

१७. माछा पोखरी संख्याः

१८. जलासय क्षेत्रफल:

१९. बार्षीक माछा बिक्रीः

निवेदक :
दस्तखत :
नाम :
ठेगाना :
पदः
सस्थाको नामः
छापः
सम्पर्क नः

आठराई राजपत्र

अनुसूची–६

(दफा ४ संग सम्बन्धित)

(प्रस्तावनाको संक्षिप्त कार्ययोजना ढाँचा)

कार्यक्रमको नाम: ................................................................................................

कृषि फर्म/ समूह/ सहकारी संस्थाको नाम : ....................................................................

आवेदकको नाम, थर : ...............................................................................................

लाभग्राही संख्याः

महिला......................... पुरुष.......................... जम्मा.................................

आदिबासी.............जनजाती.................. दलित........ (ब्राम्हण/ क्षेत्री)....... अन्य...... जम्मा......

ठेगाना : आठराई गाउँपालिका, वडा नं. ......... गाउँ/ टोल : .....................................

क) संचालन गर्न खोजेको खेती व्यवसायको नाम :

ख) व्यवसायको उद्देश्यहरु

१.

२.

ग) सहयोग स्वरुप माग गरेको सामाग्री। कार्यक्रम :

१.

२.

ङ) आफ्नो लगानी : ................................................

च) खेती व्यवसायवाट उत्पादन हुने वस्तु : ..................................

छ) उत्पादित कृषि बस्तुको परिमाण : .......................................

ज) बजारयोग्य परिमाण : ...............................

झ) खेती व्यवसायले वातावरण वा समुदायमा नकारात्मक प्रभाव पार्छ/ पार्दैन ? ...........................

खेती/ व्यवसाय गर्ने जग्गाको क्षेत्रफल .............................. कठ्ठा

प्रत्यक्ष रोजगारी संख्या....................

खेती/ ब्यवसाय गरेको भए, विगत कति वर्ष देखि निरन्तर गरि रहेकोरु वर्ष........... महिना...........

खेती/ व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक/ संस्था ख) वाहिरबाट ग) दुवै

अनुसूची–७

(दफा ४ संग सम्बन्धित)

अनुदान प्रस्तावनाको मूल्यांकनका लागि फिल्ड भेरिफिकेसन चेक लिस्ट

कृषी समुह/ सहकारी/ फार्मको नामः ठेगानाः

सम्पर्क ब्यक्ती / प्रोप्राइटरको नामः सम्पर्क नं.

फार्म दर्ता अबधी :

१. शैक्षिक योग्यता / तालिमः

शैक्षिक योग्यताः

हासिल गरेको तालिमको नामः

तालिमको अवधि (दिन)

तालिम दिने संस्थाको नाम/ आयोजकः

तालिम लिएको स्थानः

२. वैदेशिक रोजगारीमा गए/ नगएको :

गएको भए के के काम गरेको अनुभवः

३. पालेको पशु संख्याः

गाई : माउ संख्या जम्मा संख्या

भैंसी : माउ संख्या जम्मा संख्या मासुको लागी पाडा संख्या :

बाख्रा : माउ संख्या जम्मा संख्या

बंगुर : माउ संख्या जम्मा संख्या

कुखुरा : माउ संख्या जम्मा संख्या

हास : माउ संख्या जम्मा संख्या

जलासय : अन्य

४. उत्पादन विवरणः

दैनिक दुध उत्पादन लिटर

वार्षिक दुध उत्पादन लिटर

दैनिक दुध बिकी लिटरः

वार्षिक विक्री लिटर

दुध बिक्री कहाँ गरिन्छ ?

वार्षिक खसी बोका विक्री संख्याः

वार्षिक बंगुर बिक्री संख्या : अण्डा बिक्री :

वार्षिक माछा बिक्रीः हास र कुखुरा बिक्री :

मासुको पाडा बिक्री :

५. गोठको संरचनाः सामान्य / व्यवस्थित

६. प्रजनन् व्यवस्थापनः प्राकृतिक / कृत्रिम गर्भाधान गराउने गरेको

७. स्वास्थ्य व्यवस्थापन

संक्रामक रोग विरुद्ध खोप लगाउने गरे/ नगरेको, के को खोप ?

परजिवी नियन्त्रण गर्ने गरे/ नगरेको, कति कति महिनामा ?

बिमा गर्ने गरे/ नगरेका, के के गरेको ?

८. आहारा व्यवस्थापन

निजी वा भाडाको जग्गामा घाँस खेती गरे/ नगरेको

वर्षभरी घाँस खेती गरेको कूल क्षेत्रफलः

वर्षभरी खेती गर्ने गरेका घाँसका प्रजातीहरू

हिउँदे प्रजातिहरू क्षेत्रफलः

वर्षे प्रजातिहरू क्षेत्रफलः

बहुवर्षे प्रजातिहरू क्षेत्रफलः

डालेघाँस प्रजातिहरूः संख्याः

साइलेज बनाएर खुवाउने गरे/ नगरेको :

उत्पादन लागत कम गर्न अपनाइएको अन्य विधि/ प्रविधिहरू

९. अन्य व्यवस्थापनः

गोठको सरसफाइ अवस्थाः ठिकै/ सामान्य/ उत्तम / अतिउत्तम सबै

फार्म अभिलेख राख्ने गरे / नगरेको ?

दुध दुहुने र बिक्रीको लागि स्टेनलेस स्टिलका भाँडा प्रयोग गरे/ नगरेको :

१०. जैबिक सुरक्षा संबन्धित क्रियाकलापहरुः

जैविक सुरक्षा विधि अवलम्बन गरे/ नगरेका, के के गरेको ?

११. नवीनतम प्रबिधि तथा यन्त्र उपकरण प्रयोगः

१०. प्रस्तावना पेश गरेको कार्यक्रमकोः

नामः

गर्न चाहेको मुख्य मुख्य क्रियाकलापः

माग गरेको परिमाणः

स्वलगानी गर्न सक्ने रकम रु :

११. यसअघि पशुपन्छीपालन सम्बन्धि अनुदान पाए÷नपाएको, पाएको भए के कार्यक्रममा पाएको ?

कति रकम पाएको ?रू.

कुन निकायबाट पाएको ?

१२. अनुगमनकर्ताले महशुस गरेका अन्य विषयहरू उल्लेख गर्नुहोस्

| कृषक / प्रतिनिधिको | अनुगमनकर्ताको |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| छाप : | |

आठराई राजपत्र

**अनुसूची - ८**

दफा ४ संग सम्बन्धित

मूल्यांकन गर्ने आधारहरु

कार्यक्रमको नाम:

आवेदक संस्थाको नाम र ठेगाना:

मिति:

## मूल्यांकन

| क्र. स. | सूचक | अधिकतम अंक | प्राप्ताक | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार (बाटो,बिजुली,पानी,बजार सुबिधा आदि) | १० | | |
| २ | संस्था दर्ता अवधि<br>(संस्था दर्ता अवधि ५बर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने) | ५ | | |
| ३ | हाल पालिरहेको पशु क्षेत्रफल/मत्स्य संख्या/पन्छी/(प्रस्ताब गरिएको कार्यक्रम संग सम्बन्धित मात्र) | १५ | | |
| ४ | घाँस खेतिको क्षेत्रफल (गाई,भैसी,भेडा,बाख्राको हकमा)<br>(१ गाई भैसी वा ४ बाख्राको लागि न्यनतम १ रोपनी/(डेढ कठ्ठा) लाई पूर्ण अंक मानी मूल्यांकन गरिने) | १५ | | |
| ५ | मेसिनरी औजार उपकरणको प्रयोग तथा नविनतम कार्यहरु | १० | | |
| ६ | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ७ | वैदेशिक रोजगारबाट फर्की पशु व्यावसायमा आवद्ध (५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ८ | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| ९ | कार्ययोजना | १५ | | |
| १० | जम्मा | १०० | | |

- यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्ककन प्रयोजनका लागी समितिले उप मापदण्ड (sub- criteria) बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ।
- प्रस्तावक छनोट तथामुल्याङ्ककनसमितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई बाली अनुसार (sub-criteria) बनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ।

## अनुसूची – ९
## सम्झौता पत्र

यस आठराई गाउँपालिका पशुपन्छी सेवा शाखा आ.ब २०८../८.. को बार्षिक स्विकृत कार्यक्रम ……………………………………….. कार्यक्रम संचालनका लागी पशुपन्छी मत्स्य प्रवद्र्धन कार्यक्रम सञ्चालन कार्यबिधि २०८०  अनुरुप मिति २०८../…./…. मा प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरुको मूल्याङ्कन र अनुगमन पश्चात प्रस्ताव मुल्याङ्कन तथा अनुगमन समितिको मिति २०८.. / …. /…. गतेको बैठकको निर्णयवाट छनोट भई आठराई गाउँपालिका (यस पछी प्रथम पक्ष भनिने) र …………………………….. आठराई …… (यस पछी दोस्रो पक्ष भनिने) बीच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि दुई पक्षीय सम्झौता गरी १/१ प्रति बुझिलियौं ।दियौं ।

तपशिलः

१. यो सम्झौता पत्र आठराई गाउँपालिका (प्रथमपक्ष) र अनुदानग्राही (दोस्रो पक्ष) बीच .................... कार्यक्रम अनुदान सहयोग कार्यंक्रम सञ्चालन गर्नका लागि हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता लागू भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरू सम्झौता भएको मितिदेखि सुरु गरि २०८…. गतेभित्र सम्पन्न गरि सक्नुपर्नेछ ।

४. प्रथमपक्षले दोस्रो पक्षलाई आयोजनाको सम्झौता बमोजिम बढीमा रु ……………… (अक्षरुपी ………………… मात्र) वा लागत मूल्यको ५० प्रतिशत रकम मध्ये कम हुन आउने रकम उपलब्ध गराउनु पर्नेछ ।

५. प्रथमपक्षले कार्यसम्पन्नता पश्चात सम्बन्धीत विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ ।

६. अनुदानग्राहीले परियोजना/ अनुदान कार्यक्रम सञ्चालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङबोर्ड राख्नुपर्नेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भएपश्चातको सञ्चालन, व्यवस्थापन, खरीद, ढुवानी, निमार्ण, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट प्रचलित कानुन अनुसार हर्जना सहित अनुदान रकम असुलउपर गरिनेछ ।

९. कार्यसम्पन्नता पश्चात भुक्तानी गर्ने सम्बन्धमा प्राबिधिकबाट मुल्याङ्कक गराई बिल सहितको कार्य सम्पन्न प्रतिबेदन फोटो सहितको तयार गरि दोस्रो पक्षले प्रथम पक्ष सँग अनुरोध गर्नुपर्नेछ ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्ष तर्फबाट |
| नामथरः ................................ | नामथरः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| कार्यालयको छापः | संस्थाको नाम र छापः |
| रोहवर | रोहवर |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| संस्थाको नाम र छापः | संस्थाको नाम र छापः |

आठराई राजपत्र

**अनुसूची – १०**

**स्व-घोषणा पत्र**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आठराई गाउँपालिका ,तेह्रथुम

प्रस्तुत विषयमा तहाँ कार्यलयको मिति ………………………………. का दिन …………………… प्रकाशित सुचना अनुसार ,……………………………… स्थित ………………………………… ले ……………………………………………. कार्यक्रम प्रास्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यत्त गर्दछु/स्व-घोषणामा केहि झुठपाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु छौ/।

तपसिल

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।

२. कुनै पनि वित्तिय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन।

३. बिगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट २ लाख वा सो भन्दा बढी रकम बराबरको अनुदान रकम लिएको छैन वा दुई लाख भन्दा कम रकम बराबर अनुदान प्राप्त गरेको भएमा,

विगत २ बर्ष यता (आ.व……………….) …………………………सरकारी निकायबाट………………………….. रकम बराबर अनुदान रकम लिएको र सो रकम……………………………..काममा खर्च गरी सदुपयोग गरेको छु छौ/

आवेदकको नाम:

ठेगाना:

संस्थाको नाम:

सम्पर्क न.:

| औठा छाप | दायाँ | बाँया |
| --- | --- | --- |
| | | |

**अनुसुची – ११**

आठराई गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम, कोशी प्रदेश, नेपाल

**योजना सार्बजनिक सुचना बोर्ड आ ब २०......।....**

योजनाको नामः

आयोजना संचालन गर्ने समूह ।सहकारी ।निजि उधमिको नामः

संचालन हुने स्थानः

योजनाको कुल लागत रुः

गाउँपालिकाबाट उपलब्धहुने अनुदान रकम रुः

लाभग्राहिको लगानी। स्वलगानीः

लाभग्राहि सङ्ख्याः कुलः महिलाः पुरुषः

सम्झौता मितिः

कार्य सम्पन्न हुने मितिः

सम्पर्क नः

(द्रष्टब्यः सूचना पाटी ५*४ फिटको फलामको फ्रेममा बनाइएको र इनामेलको प्रयोग गरी लेखिएको हुनुपर्नेछ।)

**आज्ञाले,**
**श्री निराज शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**
**आठराई गाउँपालिका**
**तेह्रथुम**



आठराई राजपत्र